मिति २०७७/१२/१९ गतेको सचिव बैठकका निर्णयहरु-

१. केन्द्रमा संघीय निजामती सेवा ऐन निर्माणको क्रममा रहेको र यस प्रदेशमा पनि प्रदेश निजामती सेवा ऐन निर्माणको चरणमा रहेकोले संघीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐनमा समेटिनुपर्ने विषयवस्तुहरुको विवरण तयार पारि हार्डकपि र सफ्टकपी सहित सबै सचिवले मिति २०७७/१२/२२ गतेसम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने।

२. प्रदेश सरकारका विभिन्न मन्त्रालय, मातहतका कार्यालय/निकाय, सचिवालय, आयोग लगायत अन्य सरोकारवाला निकायहरुबाट संचालन गरिने विभिन्न तालिम, सेमिनार, गोष्ठी ईत्यादिको लागि धनगढीमा प्रदेशस्तरीय सुविधासम्पन्न तालिम/सेमिनार हल को अभाव रहेको हुँदा सुविधासम्पन्न तालिम हल निर्माणका साथै प्रदेश सरकारका प्रमुख सचिव लगायत सबै सचिवहरुको संयुक्त आवास प्रयोजनका लागि धनगढीमा आवास भवन निर्माण सम्बन्धी कार्यका लागि भौतिक पूर्वाधार विकास मन्त्रालयले आवश्यक प्रकृया अघि बढाउने ।

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय धनगढी, कैलाली, नेपाल २०७४

प्रमुख सचिव